# अधिकांश चिया श्रमिकले पाएका छैनन् बोनस

**मिरिक १२ अक्टोबर।** पहाडमा बन्द खोलियो। चियाकमान पनि शुरु भयो तर अधिकांश चियाकमानका श्रमिकले भने बोनस पाउन सकेका छैनन्। आज पूजा बोनस विषय लिएर फुवागढी चिया कमानमा बिहान माहौल निकै गर्मियो। श्रमिकले चियाकमानको कार्यालय परिसरमा धर्ना पनि दिए। कमानका प्रबन्धक पक्षले नौ प्रतिशतले मात्रै बोनस दिने निर्णय लिएपछि आज श्रमिकले बिहानै कार्यालयमा भेला भएर गेट मिटिङ गर्दै विरोध प्रदर्शन गरेका छन्। श्रमिकको भनाइ अनुसार बोनस दुई किस्तामा दिने सहमति भएको छ। १९७५ प्रतिशतको दरले नै दुई किस्तामा बोनस दिनुपर्ने माग गरेका छन्। श्रमिकको स्थिति राम्रो छैन। आज बल्ल-बल्ल बन्द खोलियो। गत वर्षको कमाइको आधारमा श्रमिकले बोनस पाउनुपर्ने माग गर्दै सहमति भएको थियो। तर आज भने यसरी श्रमिकले नै अधिकार माग्न फेरि प्रबन्धकसमक्ष गुहार मागेका छन्।

# सिगंबुली गोजमुमो शाखाको सभा

**मिरिक, १२ अक्टोबर।** सौरेनी समष्टि अन्तर्गत सिगंबुली गोर्खा जनमुक्ति मोर्चा शाखाको जरुरी सभा रमेश मोक्तानको सभापतित्वमा सम्पन्न भयो। सभामा पहाडको वर्तमान राजनैतिक परिवेश र संगठनलाई बचाई राख्न राजनीतिक गोर्खाल्याण्ड आन्दोलनलाई बौद्धिक रूपमा अगाडि बढाएर लैजाने जुन विनय तामाङ र अनित थापाले बताएका छन्। यसलाई सिगंबुली शाखाले समर्थन जनाएका छन्। यस आसयको जानकारी गोजमुमो सिगंबुली शाखा उपाध्यक्ष योगेन तामाङले दिएका छन्। सभामा उपस्थित सदस्यहरूले जीटीए बीएओ चेयरमेन विनय तामाङ र भाइस चेयरमेन अनित थापालाई समर्थन जनाएको बताए। आगामी दिनमा पनि संगठनलाई अझ मजबुत बनाउने पनि सभामा जीटीएले क्षेत्रमा अभाव र समस्याको निधानमा पनि ध्यान दिनुपर्छ भनी अपील गरेका छन्। सभामा शाखा उपाध्यक्ष योगेन तामाङ सचिव सञ्जु तामाङ लगायतका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

# सौरेनी समष्टिमा गोजमुमोको सभा

**मिरिक, १२ अक्टोबर।** गोर्खा जनमुक्ति नारी मोर्चा सौरेनी समष्टिले एउटा सांगठनिक सभा फूलमाया तामाङको अध्यक्षतामा सम्पन्न भयो। लक्ष्मी छेत्रीको सञ्चालनमा सम्पन्न उक्त सभामा पार्टीको दिशा-निर्देशलाई पालन गर्ने बताउँदै आज एक सय पाँच दिन बन्द भयो। यो सबै राज्य निर्माणको निम्ति थियो भने। गणतान्त्रिक देशमा राज्य माग्ने अधिकार सबैलाई छ भन्दै आज पहाडमा जुन प्रकारको स्थिति छ यसलाई मध्यनजर राख्दै सौरेनी समष्टिले दिएको निर्देशलाई पालन गर्ने बताएका छन्। सभामा नोल डाँडामा भएको तोडफोड काण्डको पनि विरोध गरेका छन्।

VISIT OUR WEBSITE
hamroprajashakti.com
&
www.himalayanmirror.net
Contact :
9832366113/
9832684683

# जअकस नयाँ केन्द्रिय समिति, विनयलाई समर्थन



**दार्जीलिङ, १२ अक्टोबर।** जनमुक्ति अस्थायी कर्मचारी संगठनको नवगठित केन्द्रिय समतिले विनय तामाङलाई समर्थन गर्ने निर्णय लिएको छ। जअकस केन्द्रिय समितिका सबै नेताहरूले बुधवार पदबाट सामूहिक राजीनामा दिएर संगठनको केन्द्रिय समिति विघटन गरेपछि बिहीवार स्थानीय हरिमोहन हलमा भएको सभामा जअकस-को नयाँ केन्द्रिय समिति गठन गरियो जसमा अनिल राईलाई अध्यक्ष, उपाध्यक्षहरू एण्ड्र्यु गिरी र विन्ध्या तामङ, सचिव देव प्रकाश खवास, सहसचिव एम. बी. छेत्री, कोषाध्यक्ष राजेश ठाकुर र अमर प्रधानलगायत १५ जना कार्यकारी सदस्यहरू छन्। सभापछि पत्रकारहरूलाई सम्बोधन गर्दै अध्यक्ष अनिल राईले सर्वसम्मतिको साथमा जअकस केन्द्रिय समितिको नयाँ कार्यकारी समिति गठन गरिएको बताए। सभाले १७ सेप्टम्बर २००९ मा राज्य सरकारको अधिसूचना अनुसार ३४७२ अस्थायी कर्मचारीहरूलाई चाँडै स्थायीकरण गरिनुपर्छ माग गरेको तिनले बताए। त्यसरी नै अवकाश प्राप्तिपछि दिइने दुइ लाख रुपियाँको साटो पाँच लाख रुपियाँ गरेर दिनुपर्ने, कार्यकालको अवधि मृत्यु भएका कर्मचारीहरूको परिवारलाई उचित सहूलियत र आश्रित परिवारको एकजना सदस्यलाई नोकरी दिनुपर्ने, कर्मचारीहरूको भविष्यनिधि कोषको व्यवस्था गरिनुपर्ने, चिकित्सा सुविधाबारे जारी गरिएको अधिसूचनालाई लागू गरिनुपर्ने, तीन महिना बन्दको अवधिको मासिक वेतन भुक्तान गरिनुपर्ने आदि विषयहरूमो सभामा चर्चा भएको अनि यसबारे जीटीए एडमिनिस्ट्रेटर्स चेयरम्यान विनय तामङलाई भेटेर बताउने राईले बताए। राईले आउँदो १६ अक्टोबर दिन कलकत्तामा हुने दुइस्तरीय बैठकमा चेयरम्यान तामङले सरकारसमक्ष यी कुराहरू राखी दिने अपील गऱ्यो। नवगठित जअकस केन्द्रिय समितिले विनय र अनीतलाई समर्थन गर्ने निर्णय लिएको तिनले बताए।

# खरसाङमा तिहारको रौनक कम

**खरसाङ, १२ अक्टोबर।** यस वर्ष धनतेरस १७ अक्टोबर मंगलवार अनि दीपावली १९ अक्टोबर बिहीबारको दिन परेको छ। अब धनतेरस आउन पाँच दिन बाँकी छ भने दीपावली आउन सात दिन। तर दीपावलीलाई लिएर खरसाङ बजारमा अहिलेसम्म कुनै विशेष रौनक देखिएको छ।

अलग राज्य गोर्खाल्याण्ड गठनको मागमा हालैमा भएको १०४ दिनको पहाड़ बन्दले यहाँका व्यवसायीहरूको अर्थव्यवस्था डावाँडोल बनेको छ। अधिकांश व्यवसायीहरूको पूंजी सकिएको छ। टाउकोमा ऋणको अतिरिक्त बोझ थपिएको छ। यस बन्दको कारणले केही व्यवसायीहरूको हजारौं रुपियाँको सामान ड्याम्प लागेर खराब भएको छ। यसैले अधिकांश व्यवसा-यीहरूको अवस्था आर्थिक रूपले कमजोर भएको छ। फलस्वरूप उनीहरूले पूंजी खर्च गरेर धनतेरस र दीपावलीको निम्ति आवश्यक सर-सामग्रीहरू खरिद गर्न असमर्थ भइरहेका छन्। यी सबै कारणले गर्दा अहिलेसम्म खरसाङ बजारमा तिहारको कुनै खास रमझम देखिएको छैन।

यस सिलसिलामा यहाँका केही दोकानदारहरूसित बातचित गर्दा उनीहरूले बताए, १०४ दिनको लगातार बन्दले व्यवसा-यको प्रमुख रीढ़ नै भाँच्चिएको छ। बन्द अवधि परिवारको पालन-पोषणमै अधिकांश पूंजी सकियो। सिलगढ़ीका महाजन-हरूलाई पुरानो बाँकी दिनु नै छ। पुरानो बाँकी नदिएकोले उनीहरूले फेरि सामान दिन अस्वीकार गरिरहेका छन्। यसैले पूंजीको अभावमा हामी पूजाको मार्केटिङ गर्न असमर्थ भएका छौं। हामीले यता-उताबाट जुन जोगाड़ गरेका थियौं त्यसैले धेर-थोर सामानहरू मगाएका छौं। यसपालि यसैबाट सन्तोष गर्नुपर्ने अवस्था छ।

उनीहरूले अझ बताए अनुसार बितेका वर्षहरूमा दशै सिद्धिनसाथ धनतेरस र दीपावलीलाई केन्द्र गरेर दोकानदारहरूले आ-आफ्नो दोकानलाई अत्याधुनिक सामग्रीहरूले सजाएर ग्राहकहरूलाई आकर्षित गर्ने गर्दथे भने यसपालि त्यस्तो रमझम बजारमा छैन। अधिकांश व्यापारीहरू अनिश्चितकालीन पहाड़ बन्दको मारमा परेर अस्तव्यस्त अवस्थामा छन्। बन्दको मारले प्रभावित व्यापारीहरूलाई सहज बन्न समय लाग्ने कुरालाई अस्वीकार गर्न नसकिने पनि स्थानीय व्यावसायीहरूले बताए।

# विद्यार्थीलाई खजानाको बील थमाएपछि जनता चिन्तित

**मिरिक , १२ अक्टोबर।** पहाडमा तीन महिना भन्दा लामो जनआन्दोलन भएपछि सामान्य जनजीवन पूर्ण रूपमा प्रभावित बनेको छ। साधारण जनताको निम्ति बन्द एउटा चिन्ताको विषय बनेको थियो। आज बन्द खोलिए पनि जनताले भने शास्ति खेप्नुपरेको छ। निजी अंग्रेजी स्कूलले स्कूलको मासिक खजाना तिर्नुपर्ने विद्यार्थीहरूलाई बील दिएपछि साधारण जनताले यस विषयमा चिन्ता व्यक्त गरेका छन्। यस दिशामा माकपाले स्कूलहरूलाई अनुरोध गर्दै बन्द अवधिको बील छुट दिनुपर्ने माग गर्दै जनआन्दोलन सबैले गरेका छन्। साथ र सहयोग सबैले पुऱ्याएको हो। बन्दका समयमा स्कूलहरूलाई बील नलिनु पर्ने विषयमा जानकारी पनि गराइएको थियो। आज फेरि स्कूलले बील तिर्नुपर्ने बताएपछि माकपाले यसको विरोध गर्ने माकपा मिरिक जोनल सदस्य किस्मत तामाङले बताएका छन्। यदि यस दिशामा स्कूल कर्तृपक्षले कुनै चासो नलिए अभिभावकहरूले फोरमको गठन गरि यसको विरोधमा उत्रिने बताएका छन्। पहाडमा बन्दले गर्दा विद्यालयहरूमा पठन-पाठन पनि प्रभावित भएको थियो। विधार्थीहरूलाई जुन प्रकारको मर्का परेको छ त्यसरी नै अभिभावकलाई पनि विद्यार्थीहरूको चिन्ता परेको छ। यस्तो स्थितिमा स्कूलले मासिक खजाना माफी गरिदिनुपर्ने माग गरेका छन्।

# नेपाली चलचित्र 'आरम्भ'को प्रिमियर सो १४ अक्टोबरमा

**मिरिक, १२ अक्टोबर।** बहाली फिल्म प्रोडक्सनको ब्यानरमा निर्मित नेपाली कथानक चलचित्र आरम्भको प्रिमियर सो आगामी १४ अक्टोबरको दिन मिरिक सार्वजनिक भवनमा गरिने भएको छ। चियाकमान र यससित जुडेका चियाश्रमिकको कथा व्यथालाई यस चलचित्रमा उतारिएको छ। यस चलचित्रमा लेखन तथा निर्देशन कैलाश राई रहेका छन् भने निर्माता परशुदास सुब्बा रहेका छन्। यस चलचित्रमा अभिनय भने नवोदित कलाकार र सिनेकर्मीहरू रहेका छन्। चलचित्रमा नायक ऋषिकेश थापा रहेका छन् भने नायिकाको भूमिकामा शान्तिला तामाङ रहेकी छिन्। चालिस भन्दा बढी कलाकारहरूले आफ्नो भूमिका निर्वाह गरेका छन्। यसमा सामाजिक कथाहरू देख्न पाइन्छ। चलचित्रको कथावस्तु सबै १९५५-सालमा मार्गरेस्ट होप चियाकमानमा शहीद बनेका ती शहीदहरूप्रति समर्पित गरिएको चलचित्रका निर्देशक कैलाश राईले बताए। यस चलचित्रको छायाङ्कन मिरिक लगायत समतल इलाकाहरूमा गरिएको छ। दशैं पछाडि नेपाली गोर्खाहरूको महान दोस्रो चाड तिहारको छेक पारेर यस चलचित्रलाई रिलिज गरिने भएको छ। आज यस विषयमा बहाली फिल्म प्रोडक्सनका प्रमुख कैलाश राईले बताएका छन्। सो फिल्मको रिलिज हुने मुहूर्त समारोहमा वरिष्ठ सिनेकर्मी नाट्य कर्मी साहित्य जगतका साहित्यकारहरूको पनि उपस्थिति रहने बताइएको छ।

# बिजनबारीमा गोरामुमोको सभा

**बिजनबारी, १२ अक्टोबर।** गत् ११ अक्टोबरको दिन गोरामुमो युवा एकाई पुल-बिजनबारी समष्टिको सभा स्थानीय मोहन सिंह सुब्बाको निजी भवन प्रागणमा बिजय सुब्बाको सभापतित्वमा सम्पन्न भयो। सभाको आरम्भमा वर्तमान समय पहाड़को राजनैतिक अवस्थाबारे बोल्दै प्रथम वक्ताको रूपमा गायस सुब्बाले भने हामीले भर्खरै मात्र १०४ दिनको अनिश्चितकालीन पहाड़ बन्दको चपेटबाट हामी बाहिर नस्क्यौं। यस अवधि पहाड़को आर्थिक, सामाजिक, शैक्षिक अवस्था नै डामाडोल भएर गएको विषय बारे जनसमक्ष आफ्नो कुरा राखे। हामी साधारण जनता यस आन्दोपलनको दौरान समस्याहरू झेल्दै भएता पनि आन्दोलनलाई अघि बढ़ाई रहेको थियो। तर अन्तमा सम्पर्क जनतालाई धोका हुन पुगेकोमा हामी क्षोप प्रकट गर्दछौं उनले भने। अब पहाड़लाई भविष्यमा अन्योलताको राजनीतिकरणको चपेटामा पार्नु हुन्न। अब पहाड़मा विरियन्त एउटा व्यवस्था मिलाउनु पर्ने आवश्यक्ता देखिएको छ। यसकारण आगामी १६ अक्टोबरमा हुने त्रिस्तरीय बैठकमा राज्य सरकारले स्पष्ट पार्नुपर्छ सुब्बाले आफ्नो कुरा राखे।

सभालाी सम्बोधन गर्दै सुरेन गुरूङले भने, हामीले यसपाली सम्मान भएको अनिश्चित पहाड़बन्दको आन्दोलनमा छैटौं अनुसूचि जस्तो मुद्दालाई बिर्सेर गोर्खाल्याण्ड मुद्दालाई आत्मसात गर्दै सहयोग पुऱ्यायौं। तर पहाड़मा भइरहेको आन्दोलनलाई हाम्रै नेताहरूले जनताले धोका दिए। अब समष्टिको ५ वटा ग्राममा ग्राम समिति गठन गरिनु पर्छ।१६ अक्टोबर अघि समष्टिको विभिन्न ठाउँहरूमा जनसभाको आयोजन गरिनुपर्ने विषयमा पनि सबैलाई जानकारी गराए।

# आन्दोलनको असर चिया श्रमिकहरूमा

**घूम, १६ अक्टोबर।** गोर्खाल्याण्डको आन्दोलनले सृजना गरेको १०५ दिनको बन्दले सबैभन्दा धेर चियाबारी कार्यरत चिया श्रमिकहरू मर्कामा परेका छन्। शहरका ठूला-ठूला नेताहरूको कुर्सीको निम्ति आन्दोलन गरेको रहेछ भन्ने स्पष्ट भएपछि चियाबगानमा कार्यरत श्रमिकहरू धेरै रूष्ट बनेका छन्। चिया बगानका श्रमिकहरू तीनै पाटाबाट चेप्टिएको श्रमिकहरूको गुनासो गर्दै बताएका छन्। पहाड़का नेताहरू कुर्सीको निम्ति राजनीति गरिरहेका छन्। उनिहरूको लक्ष्य मात्र सत्ता हत्याउनु रहेको हुनाले उनीहरूले कहिले पनि गरीब श्रमिकहरूको हितमा काम नगरेको स्पष्ट भएको छ। बन्द अवधिमा नै चिया श्रमिकहरूको दशैंको बोनस विषयमा त्रिपक्षीय वार्ता बसेको थियो। उक्त त्रिपक्षीय वार्तामा चिया पश्रमिकहरूको बोनस दुइ किस्त गरेर एक किस्त दशैं अघि र अर्को किस्त दशैं पछि दिने घोषणा भए तापनि आजसम्म चिया श्रमिकहरूले दशैंको बोनसको पहिलो किस्त पाउन सकेको छैन। ती चिया श्रमिकहरूको निम्ति बोलिदिने न त दार्जीलिङका नेताहरू बोलीनिए न त राज्य सरकार नै बोले। ती चिया श्रमिकहरू क्षेत्रीय नेताहरूबाट पनि नजर अन्दाज गरिए भने राज्य सरकार देखि पनि अनदेखा गरियो। त्यसै माथि चियाबगानका मालिक एवं प्रबन्धक पक्षबाट हेलित भएका छन्। यसै सन्दर्भमा नागरी फार्म चियाबारीमा बोनस विषय लिएर हिड़ने देखि नै प्रबन्धन पक्ष र श्रमिकहरू बीच तर्का-तर्की भइरहेका छन्। नागरी फार्म चियाबारीमा हिजै नै बोनस वितरण गरिनु पर्ने तर १०५ दिनको बन्दपछि कति श्रमिकहरू बन्दको अवधीमा परिवारको पेट पाल्न बाहिर काम गर्न गएको कारणले बन्द खोल्न साथ कमान हिड़न नसकेको कारणले बन्द खुल्न साथ कमानमा नहिड़ने श्रमिकहरूलाई बोनस नदिने घोषणा गरेपछि तनाउ सृजना भएको हो। बोनस दिने भए सम्पूर्ण श्रमिकहरूलाई दिनु पर्ने नत्र कसैलाई पनि बोनस नदिने श्रमिकहरूको भनाई रहेको छ। जसको कारण आज पनि नागरी फार्म सम्पूर्ण श्रमिकहरूले काम गरेनन्। सम्पूर्ण श्रमिकहरूले अफिस तथा प्रबन्धक घेराउ गरेका छन्। गोजमुमो श्रमिक संगठन प्रबन्धन पक्षसित बात गरिरहेको बताए पनि रिपोर्ट लेखुञ्जेल कुनै निष्कर्षमा आएको थिएन।

# जीटीएकै निम्ति हामीले यत्रो संघर्ष गरेका होइनौं-गोरामुमो

**खरसाङ, १२ अक्टोबर।** अलग राज्य गोर्खाल्याण्ड गठनको मागमा गरिएको आन्दोलनको उपलब्धि जीटीए होइन। उक्त मन्तव्य आज गोरामुमो पार्टी कार्यालयमा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्ने क्रममा गोर्खा राष्ट्रिय विद्यार्थी मोर्चा (जीएनएसएफ)-का केन्द्रिय संयोजक संजोक गुरूङले व्यक्त गरेका हुन्। उनले भने, दार्जीलिङ पहाड़वासीहरूले पूर्वमा रद्द गरेका जीटीएलाई हामी कदापि ग्रहण गर्ने छैनौं। आगामी १६ अक्टोबरको दिन कोलकातास्थित नवान्न सचिवालयमा आयोजना भइरहेको वार्तामा विद्यार्थी मोर्चाको तर्फबाट गोरामुमो केन्द्रिय कमिटीका अध्यक्ष, महासचिव सहित पार्टीका वरिष्ठ नेताहरूलाई अंश ग्रहण गरेर पहाड़वासीहरूको लम्बित मागको स्थायी राजनैतिक समाधान गराउने आह्वान समेत उनले गरे।

पश्चिम बंगाल सरकारले पहाड़वासीहरूको ८० प्रतिशत समस्यालाई समाधान गरिदिने कुरा गरेको छ। तर यी सबै के हो? सरकारले स्पष्ट पार्नुपर्छ भन्दै जनताको इच्छा-आकांक्षालाई मध्यनजर गरेर जीटीएलाई यथाशीघ्र हटाउनुपर्ने माग उनले सरकारसित गरे। गुरूङले भने, पश्चिम बंगाल सरकारले सोचेको राजनैतिक व्यवस्था पहाड़वासीहरूको हितमा छ भने वार्ता गरियोस्। केन्द्र सरकारसित पनि गोर्खाल्याण्डको सन्दर्भमा आफ्नो अड़ान स्पष्ट पारिदिने माग उनले गरे। गोर्खाल्याण्ड हुन्छ कि हुँदैन? गम्भीर प्रश्न तेर्साउँदै उनले केन्द्र सरकारसित स्पष्ट रूपमा बतादिने आग्रह गरे। यस अवसरमा जीएनएसएफ, खरसाङ शाखा युथ कमिटीका प्रमुख संयोजक राकेश राई, खरसाङ टाउन समष्टिबाट दीपक गजमेर आदिको विशेष उपस्थिति रहेको थियो।

**Sale! Sale!! Sale!!!**

Sale of three storeys R. C. C. building having 42ft.x 33ft.with a Lawn having 25ft x15ft. situated at Jorethang near the Office of Motor Vehicle Deptt. Good for Residence purpose. Interested persons may contact at ( M ) 9434084027. Ph. 03592284299.If somebody is interested to buy a Flat, they can also buy Flat.

SPECIALIST DOCTORS
NOW AT JORETHANG
**Dr Tshering Dorjee Sherpa MS(ENT)**
SENIOR CONSULTANT ENT SURGEON from
NEOTIA GETWEL HEALTHCARE CENTRE, SILIGURI
**Dr Bhushan Sharma MS (ORTHO)**
SENIOR CONSULTANT ORTHOPEDIC SURGEON from
NIVEDITA HOSPITAL, SILIGURI
**Dr Dipendra Gurung, MD (DERMATOLOGY)**
SENIOR CONSULTANT SKIN SPECIALIST from
SUNRISE NURSING HOME, SILIGURI
AVAILABLE EVERY SUNDAY 10 AM TO 2 PM
AT
SUVARNA MEDICALS
Fountain Corner, 1st Lane Jorethang, South Sikkim
Book Appointment: 8906005000,9733257788

